नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २३७ २०८३ साल बैशाख १२ गते शनिबार (25 Apr 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : गर्भवती, प्रसव र सुत्केरीलाई... ३ पृष्ठमा : किस्पाङ बहुप्राविधिक शिक्षालय, ... ३ पृष्ठमा : भोकमरी प्रभावित विश्वका ...

## नेपाल मेडिकल काउन्सिलद्वारा १७ चिकित्सकको लाइसेन्स खारेज

काठमाडौँ, ११ वैशाख (रासस) ।

नेपाल मेडिकल काउन्सिलले एकै पटक १७ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ ।

काउन्सिलले नेपाली नागरिकता परित्याग गरेका १७ जना चिकित्सकको लाइसेन्स दर्ता खारेज गरेको काउन्सिलका रजिष्ट्रार डा सतिशकुमार देवले जानकारी दिनुभयो । उहाँले नेपाली नागरिकता त्यागी विदेश राहदानी लिएका ती चिकित्सकको लाइसेन्स खारेज गरिएको बताउनुभयो । उहाँले ती चिकित्सकको दर्ता किताबबाट नाम हटाइएको बताउनुभयो ।

"नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ती १७ जना चिकित्सकको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेज गर्ने निर्णय गरिएको छ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार यसरी लाइसेन्स खारेजीमा पर्ने चिकित्सकहरूमा डा शर्मिला गुरुङ, डा रोशन भुसाल, डा मोती गुरुङ, डा देवराज रेग्मी, डा मेरिना गुरुङ, डा नीरञ्जनदेव पाण्डे, डा रोजन केसी, डा ममता गुरुङ, डा राजीव हमाल, डा सलुजा सिंह थारुलगायत रहनुभएको छ । यस्तै डा सुजना केसी, डा जोस्ना शाही, डा मनिषा हमाल, डा सुप्रिया शाक्य, डा इच्छा न्यौपाने, डा दीपेन ढकाल र डा तुसार सरवजना रहनुभएको छ ।

ती लाइसेन्स खारेज गरिएका चिकित्सक ब्रिटिश, अमेरिकी, पोर्चुगाली, क्यानडियन, भारतीय, अस्ट्रेलियन, हङ्कङलगायत देशको नागरिता लिएका छन् ।

## मोटरसाइकलको ठक्करबाट पाँच वर्षीया बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ११ वैशाख ।**

सिरहाको चोहर्वा–सिरहा सडकखण्डअन्तर्गत नरहा गाउँपालिका–३ खोरिया टोलमा बिहीबार मोटरसाइकलले ठक्कर दिँदा पाँच वर्षीया बालिका खजिजा खातुनको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका सिरहादेखि मिर्चैयातर्फ जाँदै गरेको प्र.२-०१-००३प.७६९६ नम्बरको मोटरसाइकलले पैदल हिँडिरहेकी बालिकालाई ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भीर घाइते भएकी उनलाई तत्काल उपचारका लागि गोलबजारस्थित बर्धमान अस्पताल लगिएको थियो । तर, अस्पताल पुऱ्याएलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

ठक्कर दिने मोटरसाइकल चालक फरार भएको र उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेश बहादुर पालले जानकारी दिए । प्रहरीले मोटरसाइकल भने नियन्त्रणमा लिएको छ ।

## धर्ना सम्बन्धमा पत्रकार महासंघ सप्तरीको गम्भिर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

नेपाल पत्रकार महासंघ सप्तरीले सहसचिव कृष्णकुमार मण्डल महासंघको कार्यालय अगाडि धर्ना बसेको सन्दर्भमा सामाजिक संजालमा आइरहेको विभिन्न टिप्पणीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।



महासंघका सहसचिव डम्बर राईद्वारा शुक्रबार जारि विज्ञप्तिमा उक्त ध्यानाकर्षण भएको जनाउँदै सहसचिव मण्डलले राखेका अधिकांश मागहरु शाखा सप्तरीले सम्बोधन गरिसकेको तथा नयाँ सदस्यताको सन्दर्भमा चाँडै वितरण गर्ने उल्लेख छ ।

"यसर्थ, हुँदै नभएका कुरालाई प्रस्तुत गरी भ्रम सृजना गर्ने प्रवृत्तिले हामीलाई चिन्तित बनाएको छ ।" विज्ञप्तिमा भनिएको छ, "हामी अझै पनि यस्ता गतिविधि त्याग्न अनुरोध गर्दै नेपाल पत्रकार महासंघको विधान बमोजिम अघि बढ्न अपील गर्दछौं ।"

"कुनै पनि संस्थाको आफ्नो नीति, सिद्धान्त एवं विधान रहन्छ । त्यहीं अनुरुप संस्था चल्ने हो ।" विज्ञप्तिमा अगाडी भनिएको छ, "संस्थामा निर्वाचित सचिव खगेन्द्र कार्कीले कार्यसमितिको ग्रूपमा राजीनामा दिएको उल्लेख गरे लगत्तै आफूलाई कार्यबाहक सह सचिब बनाउनुपर्ने अडान मण्डलले राख्दै आउनुभयो । कार्यसमितिले लिखित राजीनामा नआएसम्म केही गर्न नसकिने भन्दै आयो । त्यस क्रममा मण्डलले प्रदेशदेखि केन्द्रीय समितिसम्म दवाव सृजना गर्नुभयो । प्रदेश र केन्द्रीय समितिले लिखित नआएसम्म केही गर्न नसकिने प्रतिकृया नै दियो ।"

पछिल्लो पटक चैत १४ गते बसेको कार्यसमिति बैठकले सचिव कार्कीसँग एक साताभित्र लिखित राजीनामाका लागि पहल गर्ने निर्णय गरिएको जनाउँदै विज्ञप्तिमा उक्त अवधीमा सचिवले लिखित राजीनामा पनि दिएको र त्यसलाई कार्यसमितिको बैठकले टुँग्याइसकेको उल्लेख छ ।

यसैबीच सहसचिव मण्डलले चैत ३० गते आफ्नो फेसबुक पेजमा 'नेपाल पत्रकार महासंघ, सप्तरी शाखाको कुनै काम छैन यो शाखालाई खारेज गरिदिए हुन्छ' भन्ने उल्लेख गरेर संस्थाकै मानहानी गरेको देखेपछि कार्यसमितिले उनीसँग स्पष्टिकरण सोधेको विज्ञप्तिमा जनाउँदै भनिएको छ, "स्पष्टिकरणमा मण्डलले 'आफूले कुनै गल्ती नगरेको, कार्यसमितिले मात्रै गल्ती गरेको र मलाई कार्वाही गरे संवैधानिक र कानुनी बाटो अबलम्बन गर्ने' भनेर चेतावनी दिनुभएको छ ।"

यसअघि पनि कार्यसमितिको बैठकमा सभ्य, शिष्ट र मर्यादित तरिकाले प्रस्तुत नहुने, आफ्नो पदको गरिमा नबुझने, कार्यसमितिको निर्णय या छलफलविरुद्ध मनोमानी तरिकाले कार्यसमितिभित्रका कुराहरु सार्वजनिक गर्ने काम उनीबाट हुँदै आएको महासंघद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

कार्यसमितिको बैठकमा छलफल गरी टुँग्याउनुपर्ने विषयवस्तुलाई बाहिर लगी पत्रकार सम्मेलन गर्ने, धर्ना बस्ने कार्यलाई राम्रो मन्न नसकिने भन्दै यस्ता कुरालाई मध्यनजर गर्दै र स्पष्टीकरणको जवाफ समेत चित्तबुझ्दो नदिएपछि कार्यसमितिको बैठकले उनीमाथि कार्वाहीको सिफारिस प्रदेश समितिलाई गरिसकेको विज्ञप्तिमार्फत जानकारी दिइएको छ ।

## समाजसेवी एवं यूवा नेता भगतद्वारा एमाले पार्टी परित्याग

**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

समाजसेवी एवं नेकपा एमालेका यूवा नेता रंजित कुमार भगतले शुक्रबार पार्टी परित्याग गरेका छन । जिल्ला अध्यक्ष ताराकान्त चौधरीलाई लिखित पत्र बुझाएर उनले राजीनामा दिएको जानकारी गराएका हुन् ।



सप्तरीको रुपनी गाउँपालिका ६ निवासी ४० वर्षिय भगत एमालेको रुपनी गाउँपालिकाको सचिव पदको जिम्मेवारीमा थिए । यसअघि उनी नेकपा एमाले निकटको राष्ट्रिय यूवा संघ सप्तरीको उपाध्यक्ष पदको जिम्मेवारी समेत बहन गरेका थिए ।

पार्टी संगठन भित्र चरम गुटबन्दी भएको, नेतृत्वले कार्यकर्ताको उचित मुल्याङन नगरी काखापाखा गरेको, भावनात्मक एवं व्यवहारिक एकताको अभाव देखिएको, योग्यता र क्षमताको मुल्याङन नहुने गरेको लगायतका गलत प्रवृतीका कारण उक्त पार्टीमा बसेर काम गर्न सक्ने अवस्था नरहेकोले आफूले राजीनामा दिएको राजीनामा पत्रमा उनले उल्लेख गरेका छन् ।

उनले पार्टी भित्र आन्तरिक लोकतन्त्रको अभाव भएको समेत राजीनामा पत्रमा उल्लेख गरेका छन् । उनले आफ्नो राजीनामा स्वभिमानको लडाई र भोलीका पुस्ताको उज्जवल भविष्यको निम्ति भएको जनाएका छन् ।

## कच्चा पदार्थको अभावमा हेटौंडा सिमेन्ट उद्योग बन्द

बागमती, ११ वैशाख (रासस) ।

लामो समयदेखि आर्थिक सङ्कट व्यहोर्दै आएको हेटौँडा सिमेन्ट उद्योग कच्चा पदार्थ अभावमा बन्द भएको छ । गत महिना क्लिङ्कर उत्पादन गरेको उद्योगले कच्चा पदार्थ नपाएपछि उत्पादन बन्द गरेको हो ।

"हामीसँग कोइला, ढुङ्गालगायत कच्चा पदार्थ छैनन् । तत्काल कच्चा पदार्थ आउने सम्भावना पनि छैन, कच्चा पदार्थका लागि सम्झौता भए पनि रकमको अभाव देखाउँदै ठेकेदारले कच्चा पदार्थ ढुवानी गर्न नसकेकाले उद्योग बन्द गर्नुपरेको छ"क्ष्य , उद्योगमा भएको कच्चा पदार्थबाट पाँच हजार टन क्लिङ्कर उत्पादन गरेर अहिले सिमेन्ट 'प्याकेजिङ' भइरहेको उद्योगका सहायक प्रबन्धक

***बाँकी अन्तिम पृष्ठमा***

**मानसिक स्वास्थ्यप्रति सचेत बनौं।**

मानसिक समस्याका लक्षण:
- निराश हुनु.
- तनाव तथा चिन्ता महशुस हुनु.
- वेलावेलामा डर लाग्नु.
- विनाकारण पसिना आउनु.
- गहिरो निद्रा नपर्नु.

मानसिक समस्या निदानको लागि:
- नियमित व्यायाम गरौं.
- आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं.
- परिवार र साथीहरुसँग समय बिताऔं.
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं.

आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# गर्भवती, प्रसव र सुत्केरीलाई घरदेखि अस्पतालसम्मै छ हिंसा

**मधु शाही**

काठमाडौँ, ११ वैशाख (रासस)।

यो कोठा कहाँ पर्छ ?

मैले अस्पतालको कर्मचारीलाई सोधेँ।

जवाफ आयो, "उ त्यहाँनिर।"

मैले पत्ता लगाउन सकिन र फेरि सोधेँ। अर्को पटक मुखैमा नहेरी उहाँले फेरि उ क्या त्यहीँनिरै भन्नुभयो। मैले दोस्रो पटक पनि देखिन। तेस्रोपटक सोध्दा ती अस्पतालका कर्मचारीले झर्किंदै भने, "ओ बहिनी के हो ? कान सुनिदैन कि क्या हो ?"

अघिल्लो बुधबार काठमाडौँको थापाथलीस्थित प्रसूति गृहबाट डिस्चार्ज भएकी एक सुत्केरी आमाले काखमा नवजात शिशु समाउँदै वर्ष दिनअघिको त्यो यो क्षणको स्मरण गर्नुभयो। यो क्षण सम्भवतः उहाँले जीवनमा धेरै पछिसम्म पनि भुल्न सक्नुहुन्न होला। उहाँका अनुसार त्यो दिन गर्भवती भएको पहिलोपटक अस्पताल जाँचको लागि आउनुभएको थियो।

अस्पतालमा कुन कोठा कहाँ छ सुरुमा थाहा नहुनु स्वभाविकै हो। त्यही पनि आफू जनकपुरको बासिन्दा भएकाले नेपाली भाषा स्पटसँग बोल्न र बुझ्न पनि समस्या भएको उहाँले सुनाउनुभयो।

नेपाली भाषा बुझ्न बुझाउन गाह्रो भएर ती कर्मचारीले गतिलो व्यवहार नगरेको हो कि भन्ने उहाँ अनुमान लगाउनुहुन्छ। यद्यपि, जुन व्यवहार भयो त्यसले उहाँको आत्मसम्मानमा ठूलो चोट पुगेको अनुभूति उहाँलाई अहिले पनि भइरहेको छ। उहाँले भन्नुभयो, "गर्भवती जाँच गर्न आएको पहिलो दिन मनमा एक प्रकारको डर थियो। त्यसमा पनि त्यो कर्मचारी झर्किएको देखेर मन दुःखी बनाउँदै अस्पतालदेखि घर फर्किएकी थिएँ।"

गर्भवती, प्रसव (बच्चा जन्माउने क्रमको अवस्था), प्रसवोत्तर (बच्चा जन्माएपछिको अवस्था) गरी तीन चरणमा घरदेखि अस्पतालसम्म महिलामाथि गरिने हिंसा उच्च रहेको पाइएको विभिन्न अध्ययनहरूले देखाएका छन्। महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले हालै गरेको एक अध्ययनमा पनि परिवारका सदस्य, श्रीमानदेखि अस्पतालका सेवा प्रदायकले गरेको दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनको तथ्याङ्क सार्वजनिक गरेको छ। अनुसन्धानका क्रममा पीडित महिलाहरूले आफूमाथि भएको दुर्व्यवहारको प्रकृति खुलाएका छन्।

मञ्चले नेपालमा गर्भावस्था, प्रसव र प्रसवोत्तर महिलाहरूले भोगेका दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनसम्बन्धी तथ्य-अन्वेषण अध्ययन गरेको हो। अध्ययनमा सात प्रदेशका १४ जिल्लामा २८ पालिकाका गर्भवती, प्रसव, प्रसवोत्तर गरी एक हजार ६८० जनासँग अन्तर्वार्ता लिएको थियो। अनुसन्धानले गर्भवती अवस्थामा ३८.८ प्रतिशत, प्रसव अवस्थामा ३७.९ प्रतिशत र प्रसवोत्तरमा ३५.९ प्रतिशतले हिंसा भोग्नु परेको निस्कर्ष निकालेको छ।

अध्ययनमा १७.१ प्रतिशत गर्भवतीले स्वास्थ्य र सेवासम्बन्धी प्रश्न तथा जिज्ञासाहरूलाई सेवा प्रदायकले गम्भीरतापूर्वक नलिएको अनुभव सुनाएका छन्। यस्ता अनुभव गर्ने महिलाहरूमा गण्डकी, बागमती र लुम्बिनी प्रदेशका महिलाहरूमा बढी पाइएको छ। स्वास्थ्य संस्थामा बच्चा जन्माउँदा १२.३ प्रतिशत महिलाहरूले आवश्यक सहयोग चाहिएको बेलामा सेवा प्रदायकले एक्लै छाडिदिएको अनुसन्धानमा उल्लेख छ।

त्यस्तै, ७.९ प्रतिशत महिलाले बच्चा जन्माउने बेलामा सहयोगका लागि अनुरोध गर्दा पनि अस्पताल सेवा प्रदायकबाट कुनै पनि सहयोग नपाएको अनुभव सुनाएका छन्। अध्ययनमा प्रसुतिपछि पैसा तिर्न नसकेर घर नपठाएको भन्नेहरूमा ०.५ प्रतिशत रहेको उल्लेख छ।

अध्ययनमा उल्लेख गरिए अनुसार, लुम्बिनी प्रदेशको सासु समूहले गर्भवती जाँचको लागि अस्पताल जाँदा सेवाप्रदायकले राम्रो व्यवहार नगरेको बताएको छ। "सोधेको कुरा उत्तर नदिने खालको व्यवहार हुन्छ। अस्पताल त समस्या भएर जाने हो।" साथै, सासू समूहले गर्भवतको गर्भ जाँच गर्दा पनि लापरवाही गर्ने गरेको र राम्रोसँग परामर्श नदिने गरेको जनाएको छ। समूहका अनुसार जाँचको लागि बोलाउने र धेरै बेर कुराउने, नबुझेको कुरा सोध्न जाँदा "आज धेरै भिड छ हामीलाई फुर्सद छैन" भनेर धेरैबेर प्रतीक्षा गराउने गरेको अनुभव छ।

**हिंसा र दुर्व्यवहार गर्ने व्यक्तिहरू परिवार, छिमेकीदेखि सेवा प्रदायकसम्मै**

गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य, नातेदार, श्रीमान, छिमेकी र सेवा प्रदायक रहेका छन्। अनुसन्धानले पितृसत्तात्मक सोचको कारण परिवार र छिमेकीबाट हिंसा खेप्नुपरेको कारण उल्लेख गरेको छ भने सेवा प्रदायकहरूले कामप्रतिको संवेदनशीलता नबुझेर दुर्व्यवहार गरेको निश्कर्ष निकालेको छ।

विभिन्न अस्पतालमा सेवा लिने क्रममा सेवा प्रदायकबाट गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसामा पर्ने ६२.१ प्रतिशत रहेको यस अनुसन्धानले खुलाएको छ। त्यस्तै सबैभन्दा बढी ७१.१ प्रतिशत हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य/नातेदार रहेको अनुसन्धानले देखाएको छ। यसमध्ये अध्ययनमा सेवा प्रदायकले सेवा दिने क्रममा सम्मानजनक व्यवहार नगरेको बताउने पीडित ३७.३ प्रतिशत रहेको छ। सेवा प्रदायकले शारीरिक जाँच गर्नुपूर्व सुसूचित सहमति नलिएको बताएका महिलाको सङ्ख्या गर्भवतीमा १५.२ र प्रसवोत्तरमा १३.८ प्रतिशत रहेको छ।

अध्ययनमा कोशी प्रदेशका ४० वर्षीया एक महिलाले आफूलाई श्रीमान्ले निरन्तर छोरा जन्माउन दबाब दिइरहेको र अपशब्दहरू प्रयोग गरेर चार/चार जना काम नलाग्ने छोरी जन्माइस् भन्दै मानसिक एवं शारीरिक यातना दिने गरेको भनाइ उल्लेख छ। यस्तो अवस्थामा महिलाले भावनात्मक, शारीरिक र यौन हिंसा खेप्नु परेको छ। यौन हिंसा भोगका महिलाहरू ४२ प्रतिशत रहेका छन्। १२.२ प्रतिशत शारीरिक हिंसा, भावनात्मक हिंसा ९३.४ प्रतिशत रहेको छ।

मनोचिकित्सक डा प्रतिष्ठा घिमिरेका अनुसार गर्भवस्था र सुत्केरी अवस्था निकै संवेदनशील हुने भएकाले यतिबेला उहाँहरूलाई घर परिवारदेखि अस्पतालसम्मै सम्मानजनक व्यवहार गरिनुपर्छ। प्रसुति गृहमा सेवा प्रदान गर्नुभएकी घिमिरे हालै मात्रै पाटन अस्पतालमा कार्यरत हुनुहुन्छ। प्रसुतिमा हुँदा गर्भवती र सुत्केरीको मनोपरामर्शमा केन्द्रित हुँदाको अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ, "गर्भवती वा सुत्केरीले आफ्नो घरको गुनासो सुनाउनुहुन्छ तर, यस्तो बेला हामीले उहाँलाई सुनेर सान्त्वना दिन्थ्यौँ।"

प्रसुति गृहका निर्देशक डा श्रीप्रसाद अधिकारीले आफू तीन वर्षदेखि प्रसुतिमा निर्देशक भएसँगै अस्पताल परिसरभित्र आएका सबै सेवाग्राहीलाई सम्मानजनक सेवा प्रदान गर्ने विषयमा संवेदनशील हुँदै आएको बताउनुभयो। कर्मचारीहरूलाई दिइने विभिन्न तालिमहरूमा सेवाग्राहीप्रति गरिने सम्मानपूर्वक व्यवहार र नम्र आचरणको विकास गर्न अभिमुखीकरण तालिम दिने गरेको डा अधिकारीले सुनाउनुभयो। यति हुँदाहुँदै पनि कम जनशक्तिले धेरै सेवाग्राही एकैचोटी हेर्नुपर्दा, भौतिक संरचनाको अभाव र जनचेतनाको कमीले गर्दा सेवाग्राही र सेवाप्रदायक बीच अपमानजनक व्यवहार हुन पुगेको हुनसक्ने उहाँले स्वीकार गर्नुभयो। उहाँले मानवीय स्वभाव सुधार गरेर नैतिकतामाथि जनचेतना दिँदै व्यवहारमा सुधार ल्याउनुपर्ने उहाँको धारणा छ।

संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) समितिको सातौँ आवधिक प्रतिवेदनमा प्रसवको समयमा गर्भवती महिलाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा नीतिगत उपायहरू कार्यान्वयन गर्नु, साथै प्रसुतिसम्बन्धी हिंसा तथा महिला र किशोरीहरू प्रति हुने तथा लैङ्गिक भेदभावको समाधान गर्नु भनि नेपाललाई सुझाव समेत दिएको छ।

सन् २०२१ मा विराटनगरमा भएको एक अध्ययनले पनि संस्थागत रुपमा गर्भवती महिलामाथि गरिने दुर्व्यवहार र हिंसाबारे सुझाव दिएको थियो। यस अध्ययनले सेवा प्राप्तकर्ताको जानकारीसहितको सहमति प्राप्त नगरी चिकित्सकीय प्रक्रिया वा हस्तक्षेपहरू गरिएको नमूना तथ्य निकालेको थियो। सहमतिबिना प्रदान गरिने सेवा शतप्रतिशत रहेको देखिएको छ। असम्मानजनक सेवा ७२.२ प्रतिशत, गोपनीयता उल्लङ्घन गर्दै दिइएको सेवा ६६.६ प्रतिशत, अपेक्षा वा परित्यागको अनुभव ३५.६ प्रतिशत, शारीरिक दुर्व्यवहार (कुटपिट, चट्काउने, चिमोट्ने तथा रुखो व्यवहार) १२.२३ प्रतिशत रहेको तथ्याङ्कले उल्लेख गरेको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएओ) र अन्य अन्तरराष्ट्रिय संस्थाहरूले गर्भावस्थामा हुने घरेलु हिंसालाई मानव अधिकारको उल्लङ्घनका रुपमा लिएको छ। डब्लुएओ र अन्य अन्तर्राष्ट्रिय क्लिनिकहरूको दिशानिर्देशहरूमा विश्वभर गर्भवतीमध्ये एक तिहाइभन्दा बढीले घरेलु हिंसाको अनुभव गरेको बताएको छ। त्यस्तै, यो अवस्थामा मातृ मानसिक तनाव, गर्भपतन, कम तौलमा शिशु जन्मिने तथा प्रसुतिपूर्व जाँच ढिलो हुनेजस्ता समस्याहरू देखापर्ने गरेको छ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को ६ को दफा २ मा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले सम्मानजनक प्रसुति सेवा प्रदान गर्नु पर्ने भनिएको छ। ऐनको परिच्छेद-७ मा कसुर र सजाय तोकिएको छ। यद्यपि सम्मानजनक व्यवहार नगरिएको खण्डमा के सजाय हुने र उजुरी कसरी दिने भन्ने कुनै स्पष्ट किटान गरिएको छैन।

नेपाल बहुसूचक सर्वेक्षण २०२४-२०२५ को प्रतिवेदनमा संस्थागत सुत्केरी गराउने ९०.५ प्रतिशत पुगेको छ। विगतको २०२२ को तुलनामा ८० प्रतिशतबाट वृद्धि भई ९०.५ प्रतिशत पुगेको हो।

अधिवक्ता श्रेष्ठका अनुसार नेपाल प्रहरीको गत वर्षको लैंगीक हिंसामाथि परेका उजुरीहरूमध्ये १४ वटा उजुरी गर्भवती अवस्थामा परिवार, श्रीमान्, आफन्तजनबाट कुटपीट भएको विवरण पाइएको छ। उहाँले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ स्पष्ट नहुँदा सम्मानजनक सेवाको प्रभावकारी हुन नसकेको बताउनुभयो। प्रसुति सेवालाई मर्यादित, प्रभावकारी र सेवामैत्री बनाउन ऐन संशोधन पहिलो आवश्यकता रहेको उहाँको भनाइ छ।

मञ्चका कार्यकारी निर्देशक श्रेष्ठले ऐनमा गैरसरकारी र निजी स्वास्थ्य संस्थामा मात्रै सम्मानजनक प्रसुति सेवा दिनुपर्ने अवधारणा नै न्यायोचित नरहेको जनाउनुभयो। सबैभन्दा बढी प्रसुति सेवा लिने संस्थाहरूमा सरकारी स्वास्थ्य संस्थाहरू रहेकाले ऐन संशोधन गरेर सम्मानजनक सेवाप्रदायकको प्राथमिकतामा जोड दिनुपर्ने उहाँले सुनाउनुभयो। उहाँ भन्नुहुन्छ,"अब ऐन नै संशोधन गर्नु पर्छ। सम्मानजनक सेवा भनेको के हो र ? यसलको पाना नगरे कस्तो कसुर सजाय हुने समेत स्पष्ट ऐनमै व्यवस्था गरिनुपर्छ।"


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# नयाँ नियमावलीमा सांसदको विशेषाधिकार प्रस्ताव

नारायण न्यौपाने र अशोक घिमिरे

काठमाडौँ, ११ वैशाख (रासस)।

प्रतिनिधिसभा नियमावली सांसदको विशेषाधिकारका रूपमा अघि बढाउन प्रस्ताव गरिएको छ। प्रतिनिधिसभाले गठन गरेको नियमावली मस्यौदा समितिले तयार पारेको प्रस्तावमा सभा, समिति र सदस्यको हकमा नियमावली सङ्घीय कानुनका रूपमा विशेष कानुनसरह लागू हुने उल्लेख छ।

नियमावली मस्यौदामा प्रस्तावना, परिभाषा, अधिवेशन र बैठक सञ्चालन, अध्यक्षता, सदस्यको उपस्थिति, संविधान संशोधन विधेयक, महाअभियोग प्रस्ताव, प्रत्यायोजित विधायनलगायत विषयमा सुधार र थप स्पष्ट पार्ने प्रयास भएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो।

संसद् र समितिमा हुने छलफल र बहसमा सांसदबाट बेलाबखत प्रयोग हुने शब्दका विषयमा उठ्दै आएका प्रश्नलाई नियमावलीमार्फत नै सम्बोधन गर्ने प्रयास गरिएको छ। मस्यौदामा अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिङ्गलाई होच्याउने वा अरु कुनै किसिमले असर पर्ने, भेदभाव गर्ने, मर्यादा घटाउने, अप्रमाणित आरोप लगाउने, भौगोलिक भेदभाव झल्कने गरी बोलेको शब्दलाई 'असंसदीय शब्द' भनी किटान गरिएको छ।

मस्यौदामा 'प्रत्यायोजित विधायन' स्पष्ट गर्दै नियमावली, आदेश, गठन आदेश, विनियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डलाई समेटिएको छ।

बैठकमा पेस हुने विषयको प्राथमिकता तथा समयावधिको निर्धारणलगायत विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रतिनिधिसभामा रहेको दलीय प्रतिनिधित्वको आधारमा पदेन सदस्यबाहेक बढीमा पन्ध्र सदस्य रहेको कार्यव्यवस्था परामर्श समिति गठन गर्ने व्यवस्था गरिएको छ। यसअघि सो समिति २१ सदस्यीय रहेको थियो।

नियमावलीको नियम १५ मा संसद्को आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा दिनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ। यसअघि जवाफका लागि समय किटान गरिएको थिएन।

सांसदले बैठक कक्षमा रहँदा फोन 'साइलेन्स' अवस्थामा राख्नुपर्ने, फोनमा कुरा गर्न, फोटो खिच्ने तथा अडियो र भिडियो रेकर्ड गर्न नहुने नियमावली मस्यौदामा प्रस्ताव गरिएको छ।

संविधान संशोधन विधेयकको कार्यविधिबारे पनि नियमावलीमा स्पष्ट पारिएको छ। संविधानको धारा २७४ को उपधारा (४) र अनुसूची-६ मा उल्लिखित विषयका हकमा सोही उपधारा र अनुसूचीमा लेखिएको अवधिभित्र सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्ने प्रस्ताव गरिएको छ।

संविधानको उक्त धारामा 'कुनै प्रदेशको सिमाना परिवर्तन वा अनुसूची-६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक सङ्घीय संसद्मा प्रस्तुत भएको ३० दिनभित्र सम्बन्धित सदनको

बाँकी तीन पृष्ठमा

# किस्पाङ बहुप्राविधिक शिक्षालय, जहाँ पढ्छन् सातै प्रदेशका विद्यार्थी

**प्रकाश सिलवाल**

नुवाकोट, ११ वैशाख (रासस)।

प्राकृतिकरुपमा सुन्दर नुवाकोटको किस्पाङ गाउँपालिका शैक्षिक गन्तव्यस्थलका रुपमा पनि अघि बढ्दैछ। पछिल्लो तीन वर्षयता गाउँपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट सम्बन्धन लिएर सुलभ मूल्यमा प्राविधिक शिक्षालय सञ्चालन गरेपछि पूर्वको सङ्खुवासभादेखि पश्चिमको कञ्चनपुरसम्मका विद्यार्थी प्राविधिक शिक्षा लिन किस्पाङ पुगेका छन्।

मुलुकभरका गाउँपालिकामध्ये स्वास्थ्यतर्फको बहुप्राविधिक शिक्षालय आफैंले सञ्चालन गर्नेमा पहिलो भएको किस्पाङ गाउँपालिकाले सामान्य चिकित्सा र डिप्लो इन फार्मेसीको कोर्स पूरा गर्न रु एक लाख ९५ हजार मात्रै शुल्क लिँदै आएको छ। किस्पाङ गाउँपालिका-३, काहुलेमा २०८० सालमा स्थापत सो शिक्षालयले पहिलो व्याच ढिलो सम्बन्धनका कारण डिप्लोमा इन फार्मेसीमात्र भर्ना गरेको थियो। दोस्रो व्याचका सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसीको सबै कोटा पूर्णरुपमा तथा तेस्रो व्याचको सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसीको सबै कोटा पूर्ण हुने गरी भर्ना गरेको छ।

सातै प्रदेश र ३१ जिल्लाका विद्यार्थीहरू अध्ययन गर्ने हिसाबले पनि यो शिक्षालय सम्भवतः मुलुककै पहिलो शिक्षालय बनेको छ। गृह जिल्ला नुवाकोटका ३० प्रतिशत र बाँकी अन्य जिल्लाका विद्यार्थी यहाँ अध्ययनरत रहँदा किस्पाङ अहिले शैक्षिक पर्यटनको गाउँ बन्न पुगेको छ। यहाँ बाहिरी जिल्लाबाट आएका अधिकांश विद्यार्थी शिक्षालयकै होस्टेलमा बसेर पढ्छन्। केहीले शिक्षालय वरपर डेरा लिएका छन्।

प्राविधिक शिक्षालयमा स्वास्थ्य सहायक (एचए) मा अध्ययनरत सङ्खुवासभाकी सङ्गीता मगर, सल्यानकी धनसोरी बुढाथोकी, महोत्तरीकी प्रियङ्का यादव, सर्लाहका अर्पितकुमार दास र रौतहटकी आकृति चौधरी विभिन्न जिल्लाबाट जोडिए पनि आफूहरू अब एकै शिक्षालयको शिक्षार्थी भएकामा खुसी देखिन्छन्। यस्तै बाजुराकी कोपिला विश्वकर्मा र प्रमिला दानी मात्र होइन डिप्लोमा इन फार्मेसी पढिरहेकी सुर्खेतकी विजया गुरुङ यसरी धेरै जिल्लाबाट आएका साथीहरूसँग आफूहरूको सांस्कृतिक सिकाइ पनि भएको बताउनुहुन्छ।

डिप्लोमा इन फार्मेसी अध्ययनरत अछामका नवीन बयक र एचए दोस्रो वर्षमा अध्ययनरत सुर्खेतका पवन बरालले प्राविधिक शिक्षा पढाइसँगै नयाँनयाँ साथीहरू बनेकामा फरक अनुभूति गरेको बताउनुभयो। रोचक कुरा, यही शिक्षालयमा पिता डिल्ली ढकाल र छोरी सलिना ढकाल फार्मेसीको विद्यार्थीका रुपमा हुनुहुन्छ। नुवाकोटको लिखु गाउँपालिका-२, ढिकुरे निवासी ढकाल पढाइ पूरा गरेर गाउँमै फार्मेसी खोल्ने योजनामा रहनुभएको छ।

“ग्रामीण भेगमा पनि यस प्रकारको शिक्षा उपलब्ध हुनु हाम्रा लागि राम्रो कुरा हो”, डिल्ली ढकालले भन्नुभयो।

कैलालीको घोडाघोडी नगरपालिका-२ बाट किस्पाङमा प्राविधिक शिक्षा हासिल गर्न आएका शैलेश गिरी भौगोलिक दूरी टाढा भए पनि सुलभरुपमा पढ्न पाइने भएकाले यहाँ आएको बताउनुहुन्छ। गिरीसँगै शिक्षालयमा १७ विद्यार्थी भक्तपुरको गठ्ठाघरस्थित लोमस फर्मास्युटिकल्समा प्रयोगात्मक अभ्यासका लागि खटिएका छन्। तीमध्ये गिरीसहित केहीले अहिले नुवाकोटको विदुरस्थित त्रिशूली अस्पतालमा प्रयोगात्मक काम गरिरहेका छन्।

नुवाकोटकै सूर्यगढी-५ की विद्यार्थी अञ्जली गिरी शिक्षालयमा छात्राका लागि व्यवस्थित र सुरक्षित आवास रहेको बताउनुहुन्छ। किस्पाङ-१, भाल्वेका रुवन तामाङ समग्रमा शिक्षालयको पढाइ राम्रो रहेको प्रतिक्रिया दिनुहुन्छ। उहाँहरू दुवैले पढाइ सकेर मेडिकल खोल्ने तयारी गर्नुभएको छ।

शिक्षालयका प्रमुख विनोद न्यौपानेका अनुसार देशको समग्र झलक शिक्षालयमा पाइन्छ। शिक्षालयमा पहिलो वर्षमा सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसी ४०/४० विद्यार्थी रहेकामा छात्रवृत्तिमा अध्ययनमा तीन विद्यार्थी छन्। प्रदेशअनुसार सामान्य चिकित्सातर्फ ६ प्रदेशका विद्यार्थी र डिप्लोमा इन फार्मेसीतर्फ सातै प्रदेशका विद्यार्थी छन्। विभिन्न विषय र वर्षमा गरेर बारा, रौटहट, पर्सा, सर्लाही, बझाङ, बाजुरा, धादिङ, दोलखा, हुम्ला, कालिकोट, नुवाकोट, रसुवा, रोल्पा, सङ्खुवासभा, बैतडी, बाजुरा, बर्दिया, धादिङ, हुम्ला, कालीकोट, कञ्चनपुर, नुवाकोट, ओखलढुङ्गा, रौतहट, सर्लाही, सिन्धुली र तनहुँका विद्यार्थी अध्ययनरत छन्।

दोस्रो वर्षमा प्रदेशगतरुपमा बागमतीका २७, गण्डकीका एक, कर्णालीका १७, मधेसका २६ र सुदूरपश्चिमका चार विद्यार्थी अध्ययनरत छन्। तेस्रो वर्षमा विभिन्न प्रदेश र जिल्लाका गरी १७ विद्यार्थी छन्। “होस्टेल सुविधाका साथै शिक्षालयमै उत्पादन गरिएको अर्गानिक तरकारी प्रयोग गरेर विद्यार्थीलाई गाउँघरको अनुभूति दिइएको छ।”

शिक्षालय प्रमुख न्यौपानेले भन्नुभयो, “हामीले समय समयमा अतिथिलाई कक्षा दिलाउनाका साथै खेलकुद सप्ताह, हाजिरीजवाफ, वक्तृत्वकला, सरस्वती पूजा, वनभोज, नारी दिवस तथा होली उत्सवजस्ता कार्यक्रम गर्दै आएका छौं। यसले विद्यार्थीमा उत्साह पैदा गरेको छ।”

गाउँपालिकाका अध्यक्ष एवं शिक्षालय सञ्चालक समितिका अध्यक्ष वीरवल तामाङ ३१ जिल्लाका विद्यार्थी आएर पढ्नु भनेको किस्पाङको पानीलाई ती विद्यार्थीहरूले प्रसादका रुपमा लिन पाएको अवसरमा रुपमा आफूहरूले लिएको बताउनुहुन्छ। गाउँपालिकाको आय विस्तार र राष्ट्रका लागि उद्यमशीलताको विकासको शिक्षालय एक कोसेढुङ्गा हुने उहाँले बताउनुभयो। यसलाई आफूहरूले सेवाका रुपमा लिएको र पर्यटकीय विकासका लागि पनि आधार हुने तामाङले विश्वास व्यक्त गर्नुभयो।

गाउँपालिकाका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने दरबन्दी पूर्ण हुने गरी नियमित भर्ना हुनु र विद्यार्थीहरूबाट अहिलेसम्म सकारात्मक प्रतिक्रिया प्राप्त हुनुले शिक्षालयको भविष्य उज्जल रहेकामा सन्देह नरहेको बताउनुहुन्छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सहरी विकास मन्त्रालयबाट भवन निर्माणका लागि रु एक करोडको निर्माण कार्य भएको सो शिक्षालयमा आर्थिक वर्ष २०८२/८३ का लागि सोही मन्त्रालयले रु तीन करोड विनियोजन गरेकामा अहिले शिक्षालयको आफ्नै जग्गामा भवन निर्माण भइरहेको छ। उहाँले क्रमशः गाउँपालिकाले बजेट बढाउँदै प्रयोगशालालगात पूर्वाधार विकास गरी शिक्षालयलाई नमुना बनाइने बताउनुभयो।

दक्ष र अनुभवी प्रशिक्षकबाट अध्ययन अध्यापन भइरहेकामा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा पूर्ण छात्रवृत्तिमा पढेका डा आशिष दाहालसगायत पूर्णकालीन शिक्षक सात, कर्मचारी पाँच र अल्पकालीन १३ जना कार्यरत छन्। शिक्षालयमा पुस्तकालयमा पर्याप्त पुस्तकका साथै आधुनिक एवं सुविधा सम्पन्न कम्प्युटर, आवश्यक प्रयोगशाला उपकरण र रसायन सामग्री उपलब्ध छन्।

## *नयाँ नियमावलीमा ...*

सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्नेछ' भन्ने उल्लेख छ।

प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा पठाइएको संविधान संशोधनसम्बन्धी विधेयक सन्देशसहित प्राप्त भएपछि प्रस्तावको पक्षमा प्राप्त भएको जम्मा मत दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ पुगेको भए संविधान संशोधनको विधेयक सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने व्यवस्था मस्यौदामा गरिएको छ। यसअघि प्रतिनिसभा नियमावली, २०७९ मा सो व्यवस्था ‘कानुनबमोजिम हुने’ भन्ने मात्रै उल्लेख थियो।

नियम १५७ मा राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध पेस गरिने महाअभियोगको प्रस्तावमा प्रस्ताव पेस गर्नुपरेको आधार र कारण खुलाई सोको सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने व्यवस्था गरिएको छ।

नियम १६२ मा दुत प्रक्रियाबाट समेत टुङ्गो लाग्न नसकेको महाभियोगको प्रस्ताव निर्वाचनपश्चात् गठन हुने प्रतिनिधिसभाको लागि अभिलेखको रूपमा रहने र यसबारे निर्वाचनपश्चात् सभा गठन भएको पाँच महिनाभित्र त्यस्तो अभिलेख ग्रहण गरी अर्को पाँच महिनाभित्र आवश्यक निर्णय गरिसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

कार्यपालिका र व्यवस्थापिकाबीचमा शक्ति सन्तुलन कायम गर्ने सन्दर्भमा विषयगत समितिले दिएका निर्देशन, राय, सल्लाह र सुझाव सम्बन्धित निकायले ३० दिनभित्र कार्यान्वयन गरेको प्रगति विवरण प्राप्त पाउने विषय नियमावलीमा राखिएको छ। समितिले दिएका त्यस्ता निर्देशन कार्यान्वयन भए/नभएका बारेमा ३० दिनभित्र पुनरावलोकन गरिनेछ।

सभापतिलाई जानकारी नदिई लगातार पाँचवटा बैठकमा अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेछ व्यवस्था गरिएको छ।

नियमावलीमा प्रतिनिधिसभा गठन हुने विशेषाधिकार समितिको आकार घटाइ १५ सदस्यमा सीमित गरिएको छ। यसअघि सो समिति २१ सदस्यीय रहने व्यवस्था थियो। विशेषाधिकार समितिले आवश्यक ठहऱ्याएमा अभियोग लागेको व्यक्तिलाई बढीमा तीन महिनासम्म थुनामा राखी कारबाही गर्न सक्ने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ। यसअघि तीन महिनाको समय किटान गरिएको थिएन।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले यही वैशाख ८ गते आफ्नो प्रतिवेदन सभामुख डोलप्रसाद अर्यालसमक्ष बुझाएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीको संयोजकत्वमा संसदमा प्रतिनिधित्व गर्ने विभिन्न छ राजनीतिक दलका तर्फबाट १५ सदस्यीय नियमावली मस्यौदा समिति गठन भएको थियो।

नियमावलीको मस्यौदालाई यही वैशाख १७ गतेदेखि सुरु हुने प्रतिनिधिसभाको अधिवेशनमा पेस हुने संसद् सचिवालयका प्रवक्ता गिरीले जानकारी दिनुभयो।

समितिले नियमित रूपमा १४ वटा बैठक बसी मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिएको हो। समितिमा सांसदहरू ओजस्वी शेरचन, ऐनबहादुर महर, खगेन्द्र सुनार, खुश्बु ओली, गजाला शमीम मिकरानी, तपेसवर यादव, ध्रुवराज राई, निशा डाँगी, निश्कल राई, बलावती शर्मा, मधुकुमार चौलागाई, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल हुनुहुन्थ्यो।

# विश्व समाचार

## भोकमरी प्रभावित विश्वका १० देश : राष्ट्रसङ्घीय प्रतिवेदन

रोम, ११ वैशाख (रासस/एएफपी)।

गत वर्ष विश्वव्यापी रूपमा खाद्यान्न सङ्कटको सामना गरिरहेका दुई तिहाई मानिसहरू मुख्य गरी १० वटा देशका रहेको राष्ट्रसङ्घे प्रतिवेलनले जनाएको छ। प्रतिवेदन अनुसार तीनीहरु मध्ये एक तिहाइ सुडान, नाइजेरिया र कङ्गोका रहेका छन्।

संयुक्त राष्ट्र सङ्घ युरोपेली सङ्घ र मानवीय निकायहरूको तथ्याङ्कमा आधारित खाद्य सङ्कट सम्बन्धी ग्लोबल रिपोर्ट अनुसार द्वन्द्व तीव्र खाद्य असुरक्षाको मुख्य कारण रहेको बताइएको छ। द्वन्द्व र जलवायु परिवर्तनले प्रभावित देशको आगामी अवस्था निर्धारण गर्ने सम्भावना रहेको रिपोर्टले जनाएको छ। अफगानिस्तान, बङ्गलादेश, कङ्गो, म्यानमा, नाइजेरिया, पाकिस्तान, दक्षिण सुडान, सुडान, सिरिया र यमन गरी १० वटा देशहरूमा तीव्र खाद्य असुरक्षा रहेको प्रतिवेदनमा उल्लेख छ।

रिपोर्टमा खाद्य असुरक्षा दुई अलग-अलग सन्दर्भहरूमा पुष्टि भएको छ भने गाजा र सुडानका केही भागहरूमा एकै वर्षमा तिव्र खाद्य असुरक्षा देखा परेको जनाइएको छ। विश्वव्यापी रुपमा ४७ देशका करिब २६ करोड ६० लाख मानिसहरूले गत वर्ष उच्च स्तरको खाद्य असुरक्षाको अनुभव गरेको जनाइएको छ।

जसले अन्तर्राष्ट्रिय सहायतामा तीव्र गिरावटको पनि चेतावनी दिएको छ भने मध्य पूर्व युद्धका कारण विस्थापितहरूको सङ्ख्या बढेर विद्यमान सङ्कट अझै बढ्ने जोखिम रहेको बताएको छ। प्रमुख तेल आपूर्ति मार्ग, स्टेट अफ होर्मुजको अवरोधले मूल्य वृद्धि हुँदै जादा अझै आद्य असुरक्षा बढ्ने सम्भावना रहेको प्रतिवेदनले औंल्याएको छ। हाल खेतिवाली गर्ने समयमा मल अभाव र मुल्य वृद्धिले सङ्कट अझै बढ्ने सम्भावना रहेको संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय कृषि विकास कोष ९आइएफएडी०का प्रमुख अल्वारो लारियोलेलाई उद्दृत गर्दै एएफपीले जनाएको छ।

उहाँले साना किसानहरूलाई थप सहयोगका लागि आह्वान गर्दै पानी र जलवायु अनुसारका बालीहरूमा लगानी गर्न आवाह्नन गर्नु भएको छ। स्थानीय रूपमा मल उत्पादन गर्ने किसानहरूले माटोको स्वास्थ्य सुधार गरेर सङ्कट कम गर्न सक्ने उहाँले बताउनु भएको छ। मल उत्पादनका लागि स्थानीय निजी क्षेत्रका लागि उपकरण तथा अवसर सिर्जना गरी दिगोपन र कायम गर्न सकिने लारियोले बताउनु भएको छ।

## हर्मुज तनावबीच युद्धविराम विस्तार

वासिङटन, ११ वैशाख (रासस/एएफपी)।

मध्यपूर्वमा जारी तनावका बीच इजरायल र लेबनानबीचको युद्धविराम थप अवधि लागि विस्तार गरिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार यस्तो घोषणा गर्दै इरानसँगको शान्ति वार्ता अझै अन्योलमै रहेको बताउनुभयो। इरानसँगको वार्ता अपेक्षित रूपमा अघि बढ्न नसक्दा क्षेत्रीय सुरक्षा अवस्था अझ जटिल बनेको देखिएको छ।

लेबनानमा हालै इजरायली आक्रमण भइरहेका बेला इरान समर्थित हिजबुल्लाहले नयाँ रकेट प्रहार गरेको थियो। यद्यपि त्यसबीच ट्रम्पले दुवै देशका राजदूतहरूसँग भेटवार्ता गरेपछि युद्धविराम विस्तारको निर्णय सार्वजनिक गर्नुभएको हो। प्रारम्भिक रूपमा आइतबारसम्म लागू हुने भनिएको युद्धविराम अब केही समय थप कायम रहनेछ।

पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले क्षेत्रीय शान्तिको सम्भावना अझै बलियो रहेको बताउनुभयो। उहाँका अनुसार परिस्थिति सहज रूपमा समाधान हुन सक्ने आधारहरू अझै बाँकी छन्। तथापि, यसअघि उहाँले इरानसँगको द्वन्द्व अन्त्य गर्न आफू हतारमा नरहेको पनि स्पष्ट पार्नुभएको थियो। यसैबीच, तेस्रो अमेरिकी विमानवाहक पोत मध्यपूर्व क्षेत्रमा आइपुगेपछि सैन्य उपस्थिति थप सुदृढ भएको छ।

इरानी सञ्चारमाध्यमहरूले राजधानी तेहरानमा विस्फोट भएको खबर दिएका छन्। यो दुई साताअघि लागू गरिएको युद्धविरामपछि पहिलो घटना हो। विस्फोटको कारण भने स्पष्ट हुन सकेको छैन। एक इजरायली सुरक्षा स्रोतले आफ्नो देशले हाल इरानमा कुनै आक्रमण नगरेको दाबी गरेको छ।

क्षेत्रीय तनावको अर्को केन्द्र बन्दै गएको स्टेट अफ हर्मुजमा अवस्था झनै संवेदनशील बनेको छ। विश्वको करिब पाँचौं भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास यही मार्ग हुँदै ओसारपसार हुने भएकाले यसको अवरोधले अन्तर्राष्ट्रिय बजारमा ठूलो असर पार्ने देखिएको छ। इरानले युद्धको प्रतिक्रियास्वरूप उक्त जलमार्ग प्रभावकारी रूपमा बन्द गरेको जनाएको छ।

ट्रम्पले सामाजिक सञ्जालमार्फत इरानलाई समय सीमित रहेको चेतावनी दिँदै आफूलाई पर्याप्त समय भए पनि इरानमाथि दबाब बढ्दै गएको सङ्केत गर्नुभयो। उहाँले इरानविरुद्ध आणविक हतियार प्रयोग नगर्ने प्रतिबद्धता जनाउँदै अमेरिकी नौसेनालाई जलमार्गमा बारुदी सुरुङ राख्ने कुनै पनि इरानी डुङ्गालाई नष्ट गर्न निर्देशन दिनुभएको छ।

यसैक्रममा अमेरिकी सेनाले युएसएस जर्ज एच डब्लु बुश विमानवाहक पोत क्षेत्रमै पुगेको पुष्टि गरेको छ। यससँगै मध्यपूर्व क्षेत्रमा सक्रिय अमेरिकी युद्धपोतहरूको सङ्ख्या तीन पुगेको छ। युएस सेन्ट्रल कमाण्डका अनुसार एक पोत लाल सागरमा र अन्य पोतहरू पनि आसपास क्षेत्रमा परिचालनमा छन्।

इरानले भने आफ्नो जलमार्ग नखोल्ने अडान दोहोऱ्याउँदै अमेरिकी दबाब अस्वीकार गरेको छ। उसले आफ्ना बन्दरगाहमा अमेरिकी नाकाबन्दी कायम रहुन्जेल स्टेट अफ हर्मुज सबैका लागि बन्द रहने बताएको छ। साथै, उक्त मार्ग प्रयोग गर्न खोज्ने जहाजबाट शुल्क उठाउन थालेको पनि जनाएको छ।

इरानी नेतृत्वभित्र विभाजन भएको ट्रम्पको दाबीलाई त्यहाँका शीर्ष नेताहरूले अस्वीकार गरेका छन्। राष्ट्रपति, संसद् अध्यक्ष र मुख्य न्यायाधीशले सामाजिक सञ्जालमार्फत राष्ट्रिय एकताको सन्देश दिँदै बाह्य प्रभावले आन्तरिक स्थायित्वमा असर पार्न नसक्ने बताएका छन्।

यसैबीच, पाकिस्तानमा सम्भावित शान्ति वार्ता पुनः सुरु हुने सङ्केत देखिए पनि हालसम्म कुनै औपचारिक प्रतिनिधिमण्डल त्यहाँ पुगेको छैन। इस्लामाबादमा भने सुरक्षाका कडा उपायहरू अपनाइएका छन्। युरोपेली देशहरू पनि क्षेत्रीय सङ्कट समाधानका लागि सक्रिय भएका छन् र उनीहरूले मध्यपूर्वका देशहरूसँग गहन संवादको तयारी गरिरहेका छन्।

# प्रधानमन्त्री कप महिला क्रिकेट जिल्ला छनोटमा कंकालनी किङ्सको जित



**दैनिक समाचारदाता राजविराज, ११ बैशाख ।**
राजविराजस्थित पविमावि क्रिकेट मैदानमा संचालित प्रधानमन्त्री कप जिल्ला स्तरिय महिला क्रिकेट खेलाडी छनोट प्रतियोगिता अन्तर्गत शुक्रबार सम्पन्न खेलमा कंकालनी किङ्स बिजयी भएको छ । कंकालनी किङ्सले राजदेवी क्विन्सलाई ८ विकेटले पराजित गर्दै बिजयी भएको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको राजदेवी क्विन्सले १९ ओभर १ बलमा सबै विकेट गुमाउँदै ८५ रनको योगफल तयार गरेको थियो । टोलीका लागि अर्चना राम र अन्जु चौधरीले समान १७/१७ रनको योगदान दिएका थिए ।

बलिङतर्फ कंकालनी किङ्सकी सुस्मिता यादवले ३ विकेट तथा जेनिसा मगरले २ विकेट हात पारिन् ।

८५ रनको लक्ष्य पछ्याएको कंकालनी किङ्सले २ विकेटको क्षतिमा उक्त लक्ष्य पूरा गर्न सफल भयो । टोलीका लागि सुस्मिता यादवले उत्कृष्ट ब्याटिङ गर्दै ४१ रनको महत्वपूर्ण पारी खेलेकी थिइन् ।

उत्कृष्ट अलराउन्ड प्रदर्शनका लागि सुस्मिता यादवलाई 'प्लेयर अफ दि म्याच' घोषित भइन् ।

प्रतियोगितामा जिल्लाका विभिन्न टोलीहरूको सहभागिता रहेको छ र उत्कृष्ट खेलाडीहरू छनोट गरी प्रदेश स्तरमा सहभागिता गराइने सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

# २०औं लोकतन्त्र दिवस मनाइयो

काठमाडौं, ११ वैशाख (रासस) ।
बीसौं लोकतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी शुक्रबार देशभर मनाइएको छ ।

विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनर्स्थापना गर्नुभयो । जनताको विजय भएको खुसीयालीमा विसं २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो ।

विसं २०५९ असोजमा संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृङ्खला चल्यो ।

राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गर्नुभयो । विसं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिनुभएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी)का बीच १२ बुँदे समझदारी भयो ।

विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो ।

नयाँ वर्षसँगै लाखौं जनता सडकमा आए । चक्रपथ मानवसागरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्रमा सहमत हुनुभयो । आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनर्स्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गर्नुभयो । यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ । यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो ।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गर्‍यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो । यसलाई नेपाली म्याग्नाकार्टा पनि भनिन्छ ।

यसैको जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गर्‍यो । पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि धेरै काम गरेको थियो ।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । संविधानबमोजिम दुईपटक तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन भइरहेको छ ।

जसअनुसार सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन गरेका छन् । यो परिवर्तनको प्रवेशद्वार भएकाले वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिएको छ ।

# ६ महिनामा एक लाख ७६ हजार सवारी अनुमतिपत्र वितरण गरिने

भक्तपुर, ११ वैशाख (रासस) ।
यातायात व्यवस्था कार्यालय राधेराधे भक्तपुरले दुईपाङ्ग्रे र चारपाङ्ग्रेका एक लाख ७६ हजार २५० थान सवारी अनुमतिपत्र (लाइसेन्स) छ महिनाभित्र वितरण सक्ने योजना बनाएको छ ।

कार्यालयले मङ्गलबारदेखि सन् २०२२ देखि २०२४ सम्मका सबै र २०२५ का केही सवारी अनुमतिपत्र (लाइसेन्स) वितरण सुरु गरेको र बिहीबारसम्म जम्मा तीन हजार सवारी अनुमतिपत्र वितरण गरेको कार्यालयका सूचना अधिकारी जीवन बस्नेतले जानकारी दिनुभयो । अझै एक लाख सवारीपत्र छपाइ भएर आउन बाँकी रहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मङ्गलबारदेखि लाइसन्स वितरण सुरु गरेका छौं, पहिलो दिन ८०० वितरण गर्‍यौं, दोस्रो दिन र तेस्रो दिनसम्म गरेर तीन हजार वितरण गर्‍यौं, आठ जना कर्मचारी लाइसेन्स वितरणमा ९:०० बजेदेखि ५:०० बजेसम्म खटिँदा पनि एक हजारभन्दा बढी वितरण गर्न सकिँदैन, यही अवस्थामा सबै लाइसेन्स वितरण गर्न छ महिना समय लाग्छ ।"

सरकारले पठाएको लाइसेन्स लिन दैनिक भीड नगर्न सेवाग्राहीलाई आग्रह गर्दै उहाँले लाइसेन्सको बिलदेखि मोबाइल एप्स प्रयोग गरेर लाइसेन्स देखाउन सकिने बताउन सकिने भएकाले भीड नगरी बिस्तारै आइदिन सेवाग्राहीलाई आग्रह गर्नुभयो ।

कार्यालयले सवारी अनुमतिपत्र वितरण सुरु गरेपछि चार वर्षदेखि लाइसेन्स लिन कुरिरहेका सेवाग्राहीको कार्यालयमा भीड बढेको छ । बिहान ७:०० बजेदेखि नै कार्यालय अगाडि सेवाग्राहीको भीड लागेपछि कार्यालयले बिहान ९:०० बजे कार्यालय खुल्नेबित्तिकै सवारी अनुमतिपत्र वितरण गर्ने गरेको बस्नेतले जानकारी दिनुभयो । नवीकरणका लागि आवेदन दिएका र लिखित तथा प्रयोगात्मक परीक्षा उत्तीर्ण गरी नयाँ लाइसेन्सका लागि चार वर्षदेखि प्रतीक्षामा रहेका सेवाग्राहीले अहिलेसम्म रसिदका भरमा सवारीसाधन सञ्चालन गर्दै आएका थिए ।

# लागुऔषधसहित विभिन्न स्थानबाट बाह्र जना पक्राउ

काठमाडौं, ११ वैशाख (रासस) ।
नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित १२ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट लागुऔषध ब्राउनसुगरसहित कञ्चनपुरको बेदकोट नगरपालिका-७ का २० वर्षीय अरूण चौधरीलाई पक्राउ गरिएको हो ।

यसैगरी, काठमाडौं महानगरपालिका-१६ माछापोखरीबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने विभिन्न औषधिसहित सोही स्थानका ४७ वर्षीय दीपक श्रेष्ठलाई पक्राउ गरिएको छ ।

मोरङको उर्लाबारी नगरपालिका-९ का बलबहादुर श्रेष्ठलाई निजकै घरबाट, कैलालीको गोदावरी नगरपालिका-४ गोदावरीस्थित डिएन रूद्र प्लाजा होटलबाट चार जना, धनगढी उपमहानगरपालिका-१३ श्रीलङ्का मुक्त कमैया टोलबाट दुई र टीकापुर नगरपालिका-१ बाट दुई जनालाई खैरो हेरोइन र डिजिटल तराजुसहित पक्राउ गरिएको छ ।

उदयपुरको बेलका नगरपालिका-८ कोठुबाट २७ किलोग्राम गाँजासहित सोही नगरपालिका-८ माजटोलका २५ वर्षीय अशोक राईलाई पक्राउ गरिएको छ ।

### कच्चा पदार्थको ...

भक्तिराम श्रेष्ठले भन्नुभयो । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमताको उद्योग सधैं बन्दप्रायः छ ।

क्लिङ्कर उत्पादनका क्रममा उद्योगको मेसिनमा केही समस्या आएकोले मेसिनको मर्मतको भइरहेको छ । अर्थाभावमा कर्मचारीले १० महिनादेखि तलब पाएका छैनन् ।

उद्योगमा १६६ जना स्थायी, १०० दैनिक ज्यालादारी र ५२ जना सुरक्षाकर्मी छन् । विसं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो ।

# धितोपत्रसम्बन्धी कसुरमा व्यवसायी शेखर गोल्छा पक्राउ

काठमाडौं, ११ वैशाख (रासस) ।
हिमालयन रिइन्स्योरेन्स लिमिटेडका तत्कालीन अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष शेखर गोल्छालाई प्रहरीले बिहीबार पक्राउ गरेको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले काठमाडौंको नागार्जुन नगरपालिका-८ बस्ने गोल्छालाई नक्सालबाट पक्राउ गरेको हो ।

सिआइबीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले नेपाल धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन समेतका आधारमा गोल्छालाई पक्राउ गरी अनुसन्धान थालिएको जानकारी दिनुभयो ।

गोल्छालाई धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५, ९६ को उपदफा (१) र दफा ९८ बमोजिम कसुरमा सोही ऐनको दफा १०३ को उपदफा (३) बमोजिम थप अनुसन्धान तथा कारबाहीका लागि नियन्त्रणमा लिएको प्रवक्ता श्रेष्ठले बताउनुभयो ।

धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन, २०८३ ब्युरोमा प्राप्त हुन आएकाले सोही आधारमा बिहीबारै काठमाडौं जिल्ला अदालतबाट अनुमति लिइ पक्राउ गरिएको सिआइबीले जानकारी दिएको छ ।






**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*